# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

## सम्बत २०७८ साल साउन २२ गते बसेको नगर कार्यपालिका बैठकका प्रस्तावनाहरु-

प्रस्तावहरु:-

१. हालसम्मका कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका कार्यहरुको समिक्षा सम्बन्धमा ।
३. NWASH प्लान अन्तर्गत Enumerator Focal person को म्याद थप सम्बन्धमा ।
४. नगर दररेट स्वीकृती सम्बन्धमा ।
५. IEE प्रतिवेदन परिमार्जन गर्ने सम्बन्धमा ।
६. क्रमागत योजनाहरुको म्याद थप र कार्यान्वयन सम्बन्धमा ।
७. कट्टेलडाडामा धाजा फाटेको विषय सम्बन्धमा ।
८. १० लाख माथिका योजनाहरु ठेक्काबाट कार्यान्वयन गर्ने सम्बन्धमा ।
९. नगरपालिकाको स्वामित्वमा रहेका भवनका सटर/कोठा तथा तरकारी वजारको सटर भाडा सम्बन्धमा ।
१०. बहुउद्देश्यीय भवनमा रहेका सटर/कोठाको भाडा सम्बन्धमा ।
११. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित आयोजनाहरु सम्बन्धमा ।
१२. आ.ब. २०७७/०७८ मा नगरपालिकाबाट संचालित योजनाहरु फरफारक सम्वन्धमा ।
१३. सामी परियोजनाको म्याद थप सम्बन्धमा ।
१४. बेलायतको रस्मोर काउन्सिललाई धन्यवाद ज्ञापन सम्बन्धमा ।
१५. सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।
१६. गोरखा मेमोरियल हस्पिटल प्रा.लि. लाई संचालन स्वीकृती सम्बन्धमा ।
१७. वडा नं. १३ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
१८. वडा नं. १२ को झोलुङ्गे पुलको जिप मर्मतलाई बजेट विनियोजन सम्बन्धमा ।
१९. सरकारी मोटरसाइकल मर्मत खर्च सीमा सम्बन्धमा ।
२०. कर छुट सम्बन्धमा ।
२१. गत वर्षको योजनाहरुको रकम भुक्तानी सम्बन्धमा ।
२२. सरसफाइ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ सम्बन्धमा ।
२३. कृषि विकास शाखाबाट संचालित कार्यक्रम तथा समितिका निर्णय अनुमोदन सम्बन्धमा ।
२४. विविध ।

राजनराज पन्त
प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

<u>सम्बत् २०७८ साल साउन २२ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरुः-</u>

<u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ उपर छलफल गर्दा, हालसम्म नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ उपर छलफल गर्दा, गोरखा नगरपालिकाले कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि हालसम्म गरेका कार्यहरुको समिक्षा गरियो ।

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ उपर छलफल गर्दा, खानेपानी तथा ढल व्यवस्थापन विभागको पहलमा स्थानीय तहहरुको WASH Plan तयार गर्ने सन्दर्भमा कोभिड-१९ को कारणले यस नगरपालिकाको Wash Plan Profiling को कार्य सम्पन्न नभएको हुँदा यस आ.ब. २०७८/०७९ मा सोको लागि विभागबाट नै बजेटको व्यवस्था गरिएकोले NWASH प्लान अन्तर्गत Enumerator Focal Person को म्याद २०७८ पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं. ४ उपर छलफल गर्दा, गोरखा जिल्लाको आ.ब. २०७८/०७९ को जिल्ला दररेटलाई नै गोरखा नगरपालिकाको आ.ब. २०७८/०७९ को दररेट हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>

प्रस्ताव नं. ५ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको गत आ.ब.मा स्वीकृत भएको प्रारम्भिक वातावरण परिक्षणलाई विद्यमान अवस्थामा नदीले धार परिवर्तन गरेको र मर्स्याङ्दी तर्फको क्षेत्रमा हालसम्म ठेक्का नलागेको कारण IEE प्रतिवेदनलाई चालु आ.ब. ०७८/७९ मा परिमार्जन गर्ने निर्णय कार्य तत्काल गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

प्रस्ताव नं. ६ उपर छलफल गर्दा, कोभिड-१९ को दोस्रो भेरियन्टका कारण आ.ब. २०७७/०७८ मा संचालित भएका योजनाहरु सम्पन्न हुन नसकेका योजनाहरुको २०७८ पौष महिनासम्म म्याद थप गर्ने र क्रमागतमा रहेका योजनाहरुलाई प्राथमिकता साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

राजेन्द्रराज पन्त
प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा
इप्लीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

## गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ७

प्रस्ताव नं. ७ उपर छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. ८ स्थित कट्टेलडाडामा २०७२ सालको भुकम्पको पराकम्पनबाट कट्टेलडाँडा गाउँको वस्ती भन्दा ठिक पश्चिम पट्टि करिब १०० मिटर तलबाट ३/४ ठाउँमा करिब १ मिटरको धाजा फाटी उक्त वस्ती जोखिममा परेको हुनाले सो ठाउँको अध्ययन गर्न आवश्यक जनशक्ति खटाईदिन जिल्ला विपद् व्यवस्थापन समिति मार्फत राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणलाई अनुरोध गर्न पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ उपर छलफल गर्दा, आ.ब. २०७८/०७९ मा संचालन हुने योजनाको हकमा नगरस्तरीय योजनाको हकमा १० लाख भन्दा माथि ठेक्काबाट संचालन गर्ने र वडास्तरीय योजनाको हकमा वडाको सिफारिस बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको स्वामित्वमा रहेको गो.न.पा.-७ तरकारी वजारको भवनको सटर/कोठाहरु, गो.न.पा.-६ पुरानो बसपार्कको भवनको सटर तथा गो.न.पा. कार्यालय परिसर भित्रको खाजा घरको तपसिल बमोजिम भाडामा लगाउदै आएकोमा आ.व. २०७८/०७९ का लागि सम्झौताको म्याद थप गरिदिनु हुन भनि निवेदन पर्न आएकोमा महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारण बन्दाबन्दी हुन गई व्यवसायीहरु माथि पर्न गएको असुविधालाई मध्यनजर गर्दै आ.ब. २०७७/०७८ को भाडा दर नै आ.ब. २०७८/०७९ को लागि भाडादर कायम गर्ने गरी यस नगरपालिकाको राजश्व परामर्श समितिबाट निर्णय भई आएकोले सोही बमोजिम हुने गरी भाडा दर कायम गर्ने निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम थर | ठेगाना | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनध्वज घले | गो.न.पा. ७, तरकारी वजार | ७८२२।– | ७८२२।– | |
| २ | जनमुखी उपभोक्ता स.स.लि. | गो.न.पा. ७, तरकारी वजार | २४६४०।– | २४६४०।– | |
| ३ | सित्तल काजी श्रेष्ठ | गो.न.पा. ७, तरकारी वजार | ४६२०।– | ४६२०।– | |
| ४ | दिननाथ सहनी | गो.न.पा. ७, तरकारी वजार | ६६००।– | ६६००।– | |

राजनराज पन्त
प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्याडाडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | चन्द्र वहादुर अछामी | गो.न.पा. ७, तरकारी वजार | ७०००।– | ७०००।– | |
| ६ | रुपान्तरित दरौंदी यातायात सेवा प्रा.लि. | गो.न.पा. ६, पुरानो वसपार्क | १३३१०।– | १३३१०।– | |
| ७ | कृष्ण वहादुर मग्राती | गो.न.पा. ६, पुरानो वसपार्क | १८६३४।– | १८६३४।– | |
| ८ | वगाले खाजा घर | गो.न.पा. परिसर | २०००।– | २०००।– | |

निर्णय नं. १०

प्रस्ताव नं. १० उपर छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. ६ र ७ मा निर्माण भएको बहुउद्देश्यीय भवनमा रहेका सटर/कोठाहरुको मिति २०७८/०४/१७ गते यस नगरपालिकाको राजश्व परामर्श समितिको बैठकबाट निर्णय भएबमोजिमको तपसिल बमोजिमको भाडादर स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | वल्क नं. | कोठा नं. | कोठा संख्या | भाडा दर प्रतिकोठा | जम्मा रकम | प्रयोजन |
|---|---|---|---|---|---|---|
| १ | A अगाडी धारापानी जाने पक्की सडक | १ देखि १० सम्म | १० | १२०००।– | १,२०,०००।– | माछा मासु तरकारी फलफूल वाहेक |
| २ | A पछाडी | ११ देखि १७ | ७ | ८०००।– | ५६,०००।– | माछा मासु तरकारी फलफूल वाहेक |
| ३ | B | १८ कफि सप | १ | २४०००।– | २४,०००।– | माछा मासु तरकारी फलफूल वाहेक |
| ४ | C | १९देखि २० | २ | ९६००।– | १९,२००।– | माछा मासु तरकारी फलफूल वाहेक |
| ५ | D | २१ देखि २७ | ७ | ११२००।– | ७८,४००।– | माछा मासु तरकारी फलफूल वाहेक |
| ६ | E | २८ देखि ३१ | ४ | १०४००।– | ४१,६००।– | तरकारी फलफूल |
| ७ | F | ३२ देखि ३३ | २ | १०४००।– | २०,८००।– | तरकारी फलफूल |
| ८ | G | ३४ देखि ३६ | ३ | १६०००।– | ४८,०००।– | माछा मासु |
| | जम्मा | | ३६ | | ४,०८,०००।– | |

प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इर्माडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ११

प्रस्ताव नं. ११ उपर छलफल गर्दा, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने गरी वडा कार्यालयबाट प्राप्त तपसिलका आयोजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | आयोजनाको नाम | वडा नं. |
|---|---|---|
| १. | देवि थान मन्दिर मर्मत योजना | ३ |
| २. | एतिहासीक चौतारा निर्माण | ४ |
| ३. | पुतली बगैता सार्वजनिक शौचालय निर्माण | ४ |
| ४. | प्रतिक्षालय चोकबाट वडा कार्यालय बाटो ढलान | ४ |
| ५. | खा पा मर्मत तथा निर्माण | ४ |
| ६. | कटरबोट सुनार गाँउ सिडि बाटो | ५ |
| ७. | पश्चिमकाली देखि राम्चे सम्म सिडि बाटो | ५ |
| ८. | मानेपानी सिडि बाटो | ५ |
| ९. | वडा नंको कार्यालय देखि काँडाङ्याङ ७ . सम्म जाने बाटो स्तर वृद्दि | ७ |
| १०. | वाबुराम रोकाको घर देखि खिरेपानी धारा जाने बाटो स्तर वृद्दि | ७ |
| ११. | वडा भित्रका सडकमा कच्चि नाला स्तरउन्नती | ७ |
| १२. | वडा कार्यालयबाट सुनारी गाउँ जाने बाटो मर्मत | १० |
| १३. | विरिञ्चोक तिनघरे विरेडाँडा बाटो मर्मत | १० |
| १४. | मनोजघर होमस्टे सिढि बाटो मर्मत | १० |
| १५. | माझ गाउँ सिढि बाटो मर्मत | १० |
| १६. | मजुवा फेदितल्लो हरिया सडक नयाँ तथा ,सिमललपुम्कि ,वडा कार्यालय , पुराना पुरीएका नाला खन्ने | १३ |

निर्णय नं. १२

प्रस्ताव नं. १२ उपर छलफल गर्दा, आ.ब. २०७७/०७८ मा नगरपालिकाबाट संचालित तपसिलका योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

तपसिलः-

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुम्लीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

Scanned with CamScanner

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

आ.व. ०७७/७८ को फरफारक गर्नुपर्ने योजनाहरुको विवरण:

| कार्यक्रम | स्वीकृत योजना सख्या | कार्यान्वयन भएको योजना सख्या | सम्पन्न भएको योजना सख्या | क्रमागतमा रहेका योजना सख्या |
|---|---|---|---|---|
| नगर | २२६ | २२६ | १८४ | ४२ |
| वडा | ४०२ | ४०२ | ३७० | ३२ |
| संघ/प्रदेश | ९ | ९ | ९ | |
| निर्बाचन | १४ | १३ | १३ | गोरखा क्याम्पस भुक्तानी नभएको |
| समपुरक कोष | २ | २ | २ | |
| नगर कार्यक्रम | १७ | १७ | १७ | |
| वडा कार्यक्रम | २१३ | २१३ | २०५ | ८ |
| जम्मा | ८८३ | ८८२ | ८०० | ८२ |

निर्णय नं. १३

प्रस्ताव नं. १३ उपर छलफल गर्दा, सामी परियोजनाको म्याद आ.ब. २०७८/०७९ को असाढ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ उपर छलफल गर्दा, यस नगरपालिकासँग भगिनी सम्बन्ध कायम भएको बेलायतको रस्मोर काउन्सिलले नगरपालिकालाई उपलब्ध गराएको कोभिड-१९ सम्बन्धि सामाग्रीहरु प्रति नगर कार्यपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ उपर छलफल गर्दा, यस नगरपालिकाका निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरु, स्थायी तथा करार सेवामा कार्यरत कर्मचारी तथा शिक्षकहरुलाई आ.ब. २०७७/०७८ को सम्पत्ति विवरण नियमानुसार भरी समयमै न.पा. कार्यालयमा बुझाउन निर्देशन दिने निर्णय गरियो ।

प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

Scanned with CamScanner

## गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १६

प्रस्ताव नं. १६ उपर छलफल गर्दा, गो.न.पा. १० स्थित छेवेटारमा रहेको श्री गोरखा मेमोरियल हस्पिटल प्रा.लि. लाई अनुगमन समितिको सिफारिस र शर्तहरुको अधिनमा रही संचालन गर्न स्वीकृती दिने निर्णय गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं. १७ उपर छलफल गर्दा, वडा नं. १३ को वडा कार्यालय भवन निर्माण गर्न रु ८ लाख क्रमागत योजनामा राख्ने निर्णय गरियो ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ उपर छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. १२ मा रहेको झोलुङ्गे पुलको जिप मर्मतका लागि रु. रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १९ उपर छलफल गर्दा, यस नगरपालिकाको नाममा रहेको मोटरसाइकलहरुको लागि मर्मत खर्च बापत बार्षिक बढीमा रु ५ हजार मात्र भुक्तानी कार्यालयबाट उपलब्ध गराउने र बाँकी सवारी प्रयोगकर्ता स्वंयमले नै व्यहोर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं. २०

प्रस्ताव नं. २० उपर छलफल गर्दा, गोरखा नगरपालिकाको आठौं नगरसभाले आ.व. २०७८/०७९ को लागि तपशिल बमोजिमको छुटको व्यवस्था गरेकोले तपसिलको छुट सम्वन्धी व्यबस्था कार्यान्वनको लागी सम्पूर्ण वडाहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

तपशिल

१, घरभाडा करलाई सरल तुल्याउन स्यम घोषणा गरेर आउने घरधनीलाई शुरुको अवस्थामा ४.५% घर भाडा कर मिनाहा दिने ।

२, कारोना भाइरसका कारण भएको बन्दाबन्दीको अवस्थालाई मध्यनजर गर्दै व्यवसाय दर्ता गरि नियमित व्यवसाय कर वुझाउने करदाताहरुलाई २५% कर मिनाहा दिने

३, लामो समय देखि व्यवसाय गर्दै आएका तर व्यवसाय दर्ता नगरी वसेका व्यवसायीहरुलाई एक पटकका लागि व्यवसाय दर्ता गर्न अन्तिम मौका दिने अन्यथा उक्त व्यवसाय वन्द गराउने ।

४, व्यवसाय दर्ता गरेर नविकरण नगरी वसेका व्यवसायीहरुका हकमा पौष मसान्त सम्म नविकरण गरेमा लाग्ने नविकरण शुल्कमा ५०% छुट दिने ।

राजनराज पन्त
प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रेडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. २१

प्रस्ताव नं. २१ उपर छलफल गर्दा, आ.ब. २०७७/०७८ मा कार्यसम्पन्न भई असार महिनामा भुक्तानी दिन बाँकी रहेका कार्यक्रम तथा योजनाहरुको सुत्रमा पोष्टिङ्ग गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २२

प्रस्ताव नं. २२ उपर छलफल गर्दा, सरसफाइ व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

प्रस्ताव नं. २३ उपर छलफल गर्दा, आ.ब. २०७७/०७८ मा कृषि विकास शाखाबाट सञ्चालित कार्यक्रम तथा कृषि विकास समितिका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुङ्गीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजनराज पण्डित
प्रमुख

Scanned with CamScanner